# मधुवन नगरपालिका

## मधुवन राजपत्र

खण्डः ७ संख्याः ८ प्रमाणीकरण मितिः २०८०/१२/१९
प्रकाशन मितिः २०८०/१२/२३

### भागः २
### मधुवन नगरपालिका

## नगर सहकारी सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०

मधुवन नगरपालिकाको नगर सहकारी सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०

<u>प्रस्तावनाः</u>

सक्षम, दिगो अनि आत्मनिर्भर र समाजबाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने मर्मलाई आत्मसात गर्दै मधुवन नगरपालिका भित्र सञ्चालनमा रहेका सहकारी सँस्थाहरुको प्रबर्द्धन, क्षमता विकास र नियमन गर्न साथै सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास गर्न, सहकारीको माध्यमबाट कृषि तथा पशुपालन, उद्योग, बस्तु तथा सेवा ब्यवशाय सञ्चालन, पर्यटन, वन पर्यावरण जस्ता कार्यहरु प्रभावकारी रुपले समायानुकुल अगाडी बढाउन वाञ्छनिय भएकोले मधुवन सहकारी ऐन २०७५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यबिधि जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यबिधिको नाम **"मधुवन नगरपालिकाको सहकारी सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यबिधि २०८०"** रहेको छ ।

ख) यो कार्यबिधि नगरकार्यपालिकाबाट पारित भई मधुवन राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**(२) परिभाषाः**

क) **"प्रमुख"** भन्नाले मधुवन नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

ख) **"उपप्रमुख"** भन्नाले मधुवन नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्छ ।

ग) **"नगरपालिका"** भन्नाले मधुवन नगरपालिकालाई सम्झनु पर्दछ ।

घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मधुवन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) **"रजिष्ट्रार"** भन्नाले मधुवन सहकारी ऐन २०७५ बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) **"सहकारी शाखा र सहकारी शाखा प्रमुख"** भन्नाले मधुवन नगरपालिकाले सहकारी सँस्थाहरुको नियमनकारी ईकाइ र सहकारी शाखा प्रमुख भन्नाले नगरपालिकाको सहकारी हेर्ने जिम्मेवारी तोकिएको उक्त शाखाको प्रमुख कर्मचारीलाई सम्झनु पर्दछ ।

छ) **"संयोजक"** भन्नाले सहकारी सञ्जालको संयोजकलाई सम्झनु पर्दछ ।

ज) **"सचिव"** भन्नाले सहकारी सञ्जालको सचिवलाई सम्झनु पर्दछ ।

झ) **"सदस्य"** भन्नाले सहकारी सञ्जालको सदस्यलाई सम्झनु पर्दछ ।

ज)**"सल्लाहकार समिति"** भन्नाले कार्यबिधिको दफा ७ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

झ)**"सहकारी सञ्जाल"** भन्नाले मधुवन नगरपालिकाले गठन गरेको सहकारी सञ्जाललाई सम्झनु पर्दछ ।

ञ) **"सह-संयोजक"** भन्नाले सहकारी सञ्जालको सह संयोजकलाई सम्झनु पर्दछ ।

ट) **"संरक्षक"** भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ ।

**(३) उदेश्यः**

यस नगरपालिकामा संघिय सरकारबाट हस्तान्तरण भई आएका सहकारी सँस्था र नगरपालिकाबाट दर्ता गरी कारोवार सञ्चालन गरेका सहकारी सँस्थाहरुलाई समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रीक, स्वायत्त एवं स्वशासित संगठनको रुपमा सञ्चालन गर्न र सँस्थाका सदस्यहरुको आर्थिक विकासमा समेत टेवा पुर्‍याउन सञ्जालको उदेश्य देहाय अनुसार हुनेछन् ।

१- सहकारी कानूनले निर्दिष्ट गरे बमोजिम सहकारी सँस्थाले सहकारी मुल्य, मान्यता, र सिद्वान्त अनुरुप कारोबार सञ्चालन गर्न सहयोगीको भूमिका निर्वाह गर्ने ।

२- प्रदेश र संघिय सरकार सँग समन्वय र सहकार्य गरी नगरपालिकामा सञ्चालित सहकारीहरु लाई आर्थिक सहयोग उपलब्ध गराउने ।

३- सहकारी सँस्थाहरु लाई सहकारी खेती, स्थानिय वस्तुको उत्पादन प्रवर्द्धन ब्राणडीङ र बजारीकरण उद्योग, बस्तु तथा सेवा, ब्यवशायको माध्यमबाट स्थानिय आर्थिक विकासको मुख्य क्षेत्रको रुपमा विकास गर्ने ।

४-सहकारी सँस्थाहरुको आन्तरिक नियमनको कार्यलाई मजबुत बनाउन, सुशासन कायम राख्न नगरपालिका भित्रका सहकारी वीच समन्वय र सहकार्य गर्ने ।

५- नगरपालिकाको आवश्यक्ताको आधारमा वस्तुको उत्पादन, बजारीकरण, ब्राण्डिङ, लघु उद्यम लगायतका आर्थिक विकासका क्षेत्रमा आर्थिक सहयोग गर्ने ।

६- सहकारीको माध्यमबाट शित भण्डार निर्माण, सहकारी पसल तथा अन्य एग्रो मार्ट सञ्चालन गर्ने, वस्तु तथा सेवा ब्यवशाय लगायतका ब्यवशायिक कार्यमा अभिप्रेरित गर्ने र आवश्यक परेमा नगरपालिकाबाट साँझेदारी कार्यक्रम सञ्चालन गर्ने ।

७- सहकारी सम्बन्धीको कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याउने ।

**(४) कार्यक्षेत्रः-**

१- सहकारी सञ्जालको कार्यक्षेत्र यस मधुवन नगरपालिका भरी रहने छ ।

**(५) कार्यालय ब्यवस्थापनः**

१- सञ्जालको आफ्नो कार्य सञ्चालनको लागि एक कार्यालय रहनेछ । पत्राचार, ठेगाना, सम्पर्क न., सञ्जालले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-२

## सञ्जाल र सल्लाहकार समितिको गठन तथा काम, कर्तब्य र अधिकार

**(६) सञ्जालको गठनः-**

नगर क्षेत्रभित्र कार्य क्षेत्र रहेका र क्रियाशिल विषयगत तथा बहुउदेश्यीय सहकारी सँस्थाबाट प्रतिनिधित्व हुने गरी १३ सदस्यीय मधुवन नगरपालकिा स्तरीय सहकारी सञ्जाल गठन गर्न सकिनेछ ।

(१) **सञ्जाल गठन प्रक्रिया**

(क) भेला तथा बैठक

- सामुहिक हितको साँझा कार्यहरु गर्न सहकारी सँस्थामा आबद्ध सहकारी सँस्थाका कार्य समिति पदाधिकारी तथा कर्मचारी (एक सहकारी बाट एक ब्यक्ती हुने गरी) भेला तथा अभिमुखीकरण बैठक कार्यक्रम आयोजना गर्ने
- सरोकारवाला निकायहरुलाई आमन्त्रण गर्न सकिने
- भेलामा छलफलको एजेण्डा, मिति, समय तथा स्थान तय गर्ने
- भेला सञ्चालनका लागि भेलामा उपस्थितहरु मध्ये एक जनाले जिम्मेवारी लिई नेतृत्व गर्ने



मधुवन नगरपालिकाको नगर सहकारी सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०

- सञ्जाल गठनका लागि भेलाको उदेश्य र आवश्यक्ता बारे जानकारी दिने ।

(ख) छलफल सञ्चालन

- भेलाको उदेश्य र आवश्यकता विस्तृत रुपमा प्रस्ट पार्ने
- भेलाको एजेण्डाहरुमा (जस्तै सञ्जाल गठन गर्ने सम्बन्धमा सञ्जालका पदाधिकारी छनौट सम्बन्धमा, सञ्जालको बिधान मस्यौदा समिति निर्माण सम्बन्धमा, सञ्जाल दर्ता गर्ने सम्बन्धमा) क्रमशः छलफल गर्दै निर्णय पुस्तिका तयार गर्ने ।
- सञ्जालका सदस्य वन्न ईच्छुक सहकारी र त्यस सहकारीबाट मनोनित ब्यक्तिहरु छनौट गरी नामावली तयार गर्ने ।

(ग) सञ्जाल गठनः-

- अध्यक्ष- १ जना
- उपाध्यक्ष- २ जना (एक जना महिला)
- सचिव- १ जना
- कोषाध्यक्ष- १ जना
- सदस्यहरु ८ जना

(घ) सञ्जालका पदाधिकारीहरुमा अध्यक्ष, उपाध्यक्ष १ जना, कोषाध्यक्ष, सचिव र ७ जना सदस्यहरु यस नगरपालिकाका सक्रिय सहकारी सँस्थाका सञ्चालक समितिका अध्यक्ष/पदाधिकारी/ ब्यवस्थापक मध्येबाट निर्बाचित हुनेछन् र बाँकी १ जना सदस्य र १ जना उपाध्यक्ष समाबेशी र भेगिय हिसाबले मिल्ने गरी सहकारीबाट नगरपालिकाको स्वीकृति तथा सिफारिसमा सञ्जालले मनोनयन गर्नेछन् । महिलाको ३५ प्रतिशत प्रतिनिधित्व र पदाधिकारीमा १ जना अनिवार्य गराउनु पर्नेछ ।

(ङ) सञ्जाल पदाधिकारीहरुको पदावधि ३ बर्षको हुनेछ र एकै ब्यक्ति मुख्य पदमा (अध्यक्ष) २ पटक भन्दा बढी हुन पाउने छैन ।

(च) नगर प्रमुख सञ्जालको संरक्षक हुनेछ ।

(छ) सहकारी शाखा प्रमुखलाई सञ्जालको सञ्चालक समितिको बैठकमा अनिवार्य आमन्त्रण गर्नु पर्नेछ ।

(ज) सञ्जाल बैठक सञ्चालनः

- संयोजकले तोकेको मिति र स्थानमा सचिवले सञ्जालको बैठक बोलाउने
- बैठकको विषयबस्तुहरु तय गरी सञ्जालका सदस्यहरुलाई जानकारी दिने
- सम्बन्धित निकायलाई जानकारी दिनुका साथै आवश्यक कागजात तयार गर्ने
- सञ्जालको कोष तथा बजेट ब्यवस्था सम्बन्धि निर्णय गर्ने
- सञ्जालको उदेश्य र कार्यक्रमहरु तर्जुमा गर्ने
- सम्बन्धित निकायमा सञ्जाल दर्ता तथा विधान स्वीकृत गराउने कार्य गर्ने
- अपुग पदाधिकारी मनोनयन गर्ने
- प्रत्येक ६० दिनमा सञ्जालको बैठक अनिवार्य बस्नु पर्नेछ

मधुवन नगरपालिकाको सहकारी सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०

- सञ्जालमा बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ र मत बराबर भएमा संयोजकले निर्णयक मत दिनेछ ।
- सञ्जालको बैठकको निर्णय पुस्तिका संयोजकले प्रमाणित गर्नेछ ।

(७) दर्ता नगरी सञ्जाल सञ्चालन गर्न नहुनेः

१) कसैले पनि यस कार्यबिधि बमोजिम सञ्जाल दर्ता नगरी सञ्चालन गर्न हुदैन ।

(८) दर्ताको लागि दरखास्त दिनु पर्नेः

(१)यस नगरपालिकाको क्षेत्र भित्र गठन गरिएका सञ्जालले दर्ताका लागि अनुसूची १ बमोजिमको ढाँचामा दर्ता गर्ने अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम दर्ताका लागि दरखास्त दिँदा देहाय बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ ।

- सञ्जालगठनको भेलाको निर्णयको प्रतिलिपि
- अनुसूचि १ बमोजिमको निबेदन
- सञ्जालबाट पारित तथा प्रमणित भएको सञ्जालको बिधान २ प्रति
- सञ्जालका सम्पुर्ण सदस्यहरुको नागरिक्ताको प्रतिलिपि

(९) दर्ता गर्नु पर्नेः

१- दफा ८ (२) बमोजिम प्राप्त दरखास्त सहितका कागजातहरु छानविन गरी दरखास्त परेको मितिले १ हप्ता भित्र दर्ता गर्ने अधिकारीले सञ्जालदर्ता गरी अनुसूची २ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

२- अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यबिधि प्रारम्भ हुदाका बखत प्रचलित कानून बमोजिम दर्ता भई यस नगरपालिका भित्र सञ्चालनमा रहेका सञ्जालहरु यसै कार्यबिधि बमोजिम दर्ता भएको मानिनेछ ।

(१०) नविकरण गर्नु पर्नेः

(१) दफा ९ बमोजिम दर्ता भएका सञ्जालले प्रत्येक आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र नविकरण गर्नु पर्नेछ ।

(२) यस नगरपालिकाको क्षेत्र भित्र दर्ता भएका सञ्जालले नविकरणका लागि अनुसूची ३ बमोजिमको ढाँचामा दर्ता गर्ने अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) अनुसूची ३ बमोजिम प्राप्त निबेदन अनुसार सञ्जाल नविकरण गर्न मनासिब भएमा दर्ता गर्ने अधिकारीले अनुसूची २ बमोजिमको प्रमाणपत्र नविकरण गरी दिनु पर्नेछ ।

(४) दर्ता सञ्जालको उनुसूची ४ बमोजिमको अभिलेख राख्नु पर्नेछ ।

(११) सञ्जाल दर्ता तथा नविकरण शुल्कः

(१) सञ्जाल दर्ता रु १०००/-(एक हजार) र नविकरण शुल्क रु ५००/- (पाँच सय मात्र)

(१२) सञ्जाल संगठित सँस्था हुनेः-

- सञ्जाल अबिछिन्न उत्तराधिकार वाला स्वशासित र संगठित सँस्था हुनेछ ।
- सञ्जालको कामकार्वाहीका निमित्त आफ्नो छुट्टै छाप बैङ्क खाता हुनेछ ।

- सञ्जालले नगरपालिकाको अनुमति लिएर चल अचल सम्पती प्राप्त गर्न, उपभोग गर्न वा बेच बिखन गर्न तथा अन्य ब्यवस्था गर्न सक्नेछ ।

**(१३)सल्लाहकार समिति:**

१) दफा ६ बमोजिम गठन भएको सञ्जाललाई आवश्यक सरसल्लाह र सहकारी सम्बन्धमा निर्देशन तथा समन्वय गर्न तपशिल बमोजिमको सल्लाहकार समिति रहने छ ।

क) नगर प्रमुख - संयोजक

ख) उप प्रमुख- सह संयोजक

ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

घ) सहकारी हेर्ने बिषयगत समितिको संयोजक- सदस्य

ङ) जिल्ला सहकारी संघको अध्यक्ष- सदस्य

च) सहकारी शाखा प्रमुख- सदस्य सचिव

२) समितिले आवश्यक्ता अनुसार सहकारी विज्ञलाई पनि बैठकमा आमन्त्रण गर्नेछ ।

३) नगर प्रमुखको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउने र बैठक सम्बन्धी आवश्यक ब्यवस्थापन गर्नेछ ।

४) समितिको राय, सल्लाह र सुझाव नगरपालिकाका सहकारी सँस्था साथै सदस्यको आर्थिक उन्नतीमा रहनेछ ।

५) सल्लाहकार समितिको सुझाव दफा ६ बमोजिम गठित सहकारी सञ्जालको लागि मार्गदर्शन हुनेछ ।

## परिच्छेद-३
## सञ्जालको विधान

**(१४) सञ्जालको विधान बनाउनु पर्ने:**

(१) सञ्जालले यस कार्यबिधिको अधिनमा रही आफ्नो कार्य सञ्चालनका लागि विधान बनाउनु पर्नेछ ।

(२) उप दफा (१) बमोजिमको विधान सञ्जालदर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागु हुनेछ ।

**(१५). विधान संसोधन:**

(१) सञ्जालको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट सो सञ्जालको विधान संसोधन हुन सक्नेछ ।

(२) सञ्जालको निर्णय अनुसार सञ्जालको विधान पुरानो भएमा, झुत्रो, थोत्रो भएमा पुनर्लेखन गर्न सकिनेछ ।

(२) दफा १० उप दफा (१) र (२) बमोजिमको संसोधन तथा पुनर्लेखन भएको विधान सञ्जालदर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागु हुनेछ ।

## परिच्छेद-४
## सदस्यता

**(१६). सदस्यता प्राप्त गर्न निबेदन दिनु पर्ने:**

(१) यस पालिका भित्र कार्यक्षेत्र भएका सम्पुर्ण सहकारी सँस्थाहरु यस सञ्जालको सदस्य हुनु पर्नेछ र सञ्जालको सदस्य हुन सहकारी सँस्थाले सञ्जालको सञ्चालक समिति समक्ष निबेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम निबेदन पेश परेको सहकारी सँस्थालाई सहकारी सञ्जालले अनुसूची ५ बमोजि सदस्यता दिनु पर्नेछ, उक्त सदस्यता सञ्जालले बार्षिक रुपमा नविकरण गरी दिनु पर्नेछ उक्त कार्य गर्दा सञ्जालले विधानमै ब्यवस्था गरी शुल्क लिन सक्नेछ ।

(३) सञ्जालको कार्य समितिमा सामेल हुने सहकारी सँस्थाहरु सञ्चालक समितिका सदस्य र बाँकि साधारण सदस्यको रुपमा रहनेछन् ।

(४) पदाधिकारी चयन लगायत हुने चुनावमा मतदाताको रुपमा सञ्जालमा सामेल भएका सबै सहकारी सँस्थाहरुलाई मतदानको अधिकार हुनेछ ।

(५) सञ्जालको पदाधिकारी तथा अन्य सदस्य र सञ्जाल सँग रही कार्य गर्न सहकारी सँस्थाले प्रतिनिधि मनोनयन गरी पत्र सहित पठाउनु पर्नेछ र सहकारी सँस्थाले मनोनयन गरी पठाएको ब्यक्तीलाई सञ्जालमा भुमिकाको आधारमा राख्ने तथा फिर्ता बोलाउने अधिकार सहकारी सँस्थामा निहित हुनेछ ।

**(१७). सदस्य हुन नपाउने**

(१) मधुवन नगरपालिका भित्र कार्यक्षेत्र नपर्ने सबै सहकारी सँस्था सञ्जालको सदस्य हुन पाउने छैनन् ॥

(२) समस्या ग्रस्त सहकारी सँस्थाका प्रतिनिधी सञ्जालको कार्यसमितिमा रहन पाउने छैन ।

(३) एउटै सहकारीका एक भन्दा बढी ब्यक्तिहरु सञ्जालको सदस्य हुन पाउने छैनन् ।

**(१८) सदस्यताको समाप्ती**

(१) सञ्जालको कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ ।

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा ।

(ख) सञ्जालको बैठकमा लगातार विना सूचना तीन पटक सम्म अनुपस्थित भएमा ।

(ग) दफा १२ बमोजिम सदस्यता देखिएमा ।

(घ) सञ्जालको कार्यक्षेत्र भन्दा बाहिर बसाईसरी गएमा ।

(ङ) सदस्यको आचरण ठिक नभएमा, अनैतिक गतिबिधि गरेमा, मगज बिग्रेमा, सञ्जाललाई हानी नोक्सानी पुगाउने जुनसुकै काम गरेमा ।

(च) सदस्यको मृत्यु भएमा ।

## परिच्छेद ५

## सञ्जालको नियमन र पारदर्शिता

**(१९) बार्षिक लेखा परीक्षण र सार्वजनिक सुनुवाई** : सञ्जालले वार्षिक रुपमा साधारण शभाबाट लेखा परिक्षक तोकी नियमानुसार लेखा परीक्षण गराउनु पर्नेछ । लेखा परीक्षण प्रतिबेदनको एक प्रति नगरपालकिा सहकारी शाखामा समेत उपलब्ध गराउनु पर्नेछ । त्यस्तै बर्षको एक पटक साबर्जनिक सुनुवाई पनि सञ्चालन गर्नुपर्नेछ ।

**(२०) वार्षिक साधारण सभा** : सञ्जालको सर्बोच्च अङ्गको रुपमा साधारणसभा हुनेछ । सहकारी सँस्थाबाट १ जनाका दरले मनोनित भई आएका सम्पुर्ण प्रतिनिधि सदस्यहरु साधारण सभाका सदस्य हुनेछन । प्रत्येक बर्ष बर्षमा सञ्जालले साधारण सभाको आयोजना गर्नु पर्नेछ । साधारण

सभामा पदाधिकारी हेरफेर तथा सञ्जाल पुनर्गठन, बार्षिक कार्यक्रमहरुको प्रगति समीक्षा, बार्षिक आयब्ययको विवरण, आउदो बर्षको कार्यक्रमहरुको तर्जुमा, सञ्जालको पदाधिकारी हेरफेर, विधान संसोधन लगायत नियमानुसार सम्पादन गर्नु पर्ने कार्यहरु समेत पारित गर्नु पर्ने छ। यसको एक प्रति प्रतिबेदन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

(२१) **अधिवेशन र विशेष अधिवेशन** : सञ्जालको सर्वोच्च अङ्ग सञ्जालको अधिवेशन हुनेछ। अधिवेशन गर्ने अवधि सञ्जालको विधान बमोजिम निर्धारण हुनेछ। विधानमा सञ्जालले विशेष अधिवेशनको ब्यवस्था समेत गर्न सक्नेछ। यस अबिधेसनबाट सञ्जालको पदाधिकारी हेरफेर लगायत बार्षिक साधारण सभाले गर्ने सबै कार्यहरु गर्नेछ।

(२२) **अन्य संघ संस्थाहरुसँगको समन्वय** : सञ्जालले अनुमति लिई कुनै अन्य संघ संस्थासँगको सहकार्यमा कृषि तथा पशुपालन प्रविधि, अनुसन्धान तथा सहकारी विकास सम्बन्धी कार्यहरु सञ्चालन गर्न सक्नेछन।

(२३) **सञ्जालको अनुगमन र छानविन गर्न सक्ने** : यस नगरपालिकाको अनुगमन ब्यवस्था बमोजिम नगरपालिकाबाट एवं नगरपालिकासँगको समन्वयमा नेपाल सरकारका सबै निकायहरुले सञ्जालका कृयाकलाप एवं सञ्जालका कागजातहरुको अध्ययन, अवलोकन र अनुगमन गरी पृष्ठपोषण गर्न सक्ने छन। प्राप्त पृष्ठपोषणहरु उपर सञ्जाल बैठकमा छलफल गरी निर्णय गर्नु पर्नेछ। त्यस्तै सञ्जाल माथि उजुरी परेमा तथा सञ्जालका २० प्रतिशत सदस्यले छानविनका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुरोध गरेमा नगरपालिकाले जुनसुकै बेला छानविन गर्न सक्नेछ। छानविनमा सहयोग गर्नु सञ्जालका पदाधिकारीहरुको कर्तब्य हुनेछ।

## परिच्छेद ६
## सञ्जाल परिचालन

(२४) **सञ्जालको कोष र परिचालन** : बैठकको निर्णय अनुसार सहकारीको सञ्जाल सदस्यता र सदस्यता नविकरण, निबेदन लगायतबाट सञ्जालको बिभिन्न कार्यक्रमहरु सञ्चालन गरी सञ्जाल परिचालन कोष खडा गर्नु पर्नेछ। यसका साथै नगरपालिका, संघिय सरकार, प्रदेश सरकार, गैह्र सरकारी तथा गैह्र नाफामुलक संघ सँस्थाबाट कोषका लागि प्राप्त रकम र सहकारी सँस्थाबाट बिभिन्न कार्यक्रम सञ्चालनार्थ प्रदान गरिने रकम यसै कोषमा जम्मा हुनेछ। सञ्जालको बैठकबाट निर्णय गरी सहकारी शिक्षा, कमजोर सहकारी सँस्था तथा समस्यामा परेका सहकारी सँस्थाको सेयर सदस्यको हितका लागि र सञ्जाल ब्यवस्थापनमा कोष खडा गरी परिचालन गर्न सक्नेछ ।

(२५) **सञ्जालको बैक खाता सञ्चालन** : नजिकको बैकमा सञ्जालको खाता खोलिने छ. जसमा संयोजक र कोषाध्यक्षको अनिवार्य सहित सञ्जालको निर्णय अनुसार आवश्यक परेमा अन्य १ जना मुख्य पदाधिकारी समेतको संयुक्त दस्तखतमा खाता सञ्चालन हुनेछ।

(२६) **सञ्जालको रेकर्ड** : सञ्जालको एक फायल नगरपालिका सहकारी शाखा तथा सम्बन्धित शाखा उपशाखामा रहने छ जसमा सञ्जालको निर्णय, विभिन्न कार्यक्रमहरुमा सहभागी भएको रेकर्ड हरु, सञ्जालको बैंक खाताको स्टेटमेण्ट आदि रहने छन । सञ्जालले पनि आफ्ना कृयाकलापहरुको रेकर्ड अद्यावधिक गरी कार्यालयमा राख्नु पर्नेछ।

(२७) **प्रगति प्रतिबेदन र समीक्षा** : सञ्जालले प्रत्येक बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयन अवस्था, प्राप्त भएको उपलब्धि र प्रगतिहरु, परिआएका समस्याहरु, समस्या समाधानका लागि

गरिएका प्रयासहरु र सो को प्रतिफल, हालको अवस्था, आम्दानी, खर्च आदि कार्यहरुको नियमित समीक्षा गर्नु पर्नेछ ।

(२८) **सञ्जालमा मेलमिलाप हुनु पर्ने** : सञ्जालका सदस्यहरुले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्ने छ । यस सञ्जालका बैठकहरुमा सञ्जालका सदस्यहरुको निजी बैयक्तिक, राजनीतिक विषयहरु उपर छलफल हुने छैन तर सहकारी तथा सहकारीको कुनै सदस्यलाई परेको मर्काको बारेमा छलफल गर्दा उपयूक्त हुन्छ भन्ने सञ्जाललाई लागेमा यस्ता विषयहरु उपर समेत छलफल गरी सामाजिक सदभाव, सहकार्य, साझेदारिता तथा सहकारीता बृद्धिमा र समस्या समाधानमा योगदान गर्न सक्ने छन ।

(२९) **व्यवसाय दर्ता गर्नु पर्ने** : सञ्जालले कुनै व्यवशाय गर्नु परेमा नियमानुसार दर्ता गरी सञ्चालन गर्नु पर्नेछ ।

(३०) **सञ्जालमा अन्य सामाजिक विषयहरुको सन्दर्भ** : सामाजिक न्यायको सिद्धान्तमा आधारित भई सञ्जाल सदस्यहरु नेतृत्व विकास, उन्नत खेती प्रणालीको अवलम्बन, सामुदायिक स्वास्थ्य, शिक्षा, पर्यटन तथा रोजगारी प्रवर्द्धनका अन्य कार्यहरुमा पनि अभिरुची लिनेछन र सञ्जाल निर्णय अनुसार यस्तो कार्यमा अरुलाई सहयोग समेत गर्नेछन ।

(३१) **सञ्जालको काम कर्तब्य र अधिकारः-**

१) दफा ३ बमोजिमको उदेश्य प्राप्तीका लागि नगरपालिका सँग प्रत्यक्ष रुपमा सहकार्य गरी नगरपालिका स्तरीय सहकारीको विकासमा प्रभावकारी भूमिका निर्बाह गर्ने ।

२) प्रत्येक बर्ष प्रथम चौमासिक भित्र बार्षिक साधारण सभा गर्ने ।

३) नगरपालिका भित्र कार्यक्षेत्र रहेका सहकारी सँस्थाहरुको लागि आवश्यक सहकारी सम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालन गर्न नगरपालिका र स्थानिय गैह्र सरकारी संघ सँस्था तथा गैह्र नाफामुलक संघ सँस्था सँग समन्वय र सहकार्य गर्ने ।

४) उप दफा ३ बमोजिमको तालिम सञ्चालन गर्दा सल्लाहकार समिति तथा नगरपालिका सँग समन्वय तथा जानकारी गराएर मात्र सञ्चालन गर्ने ।

५) सल्लाहकार समितिको सुझाव र नगरपालकिाको अनुमती तथा स्वीकृती अनुसार तालिम तथा कार्यक्रम सञ्चालन गर्ने ।

६) नगरपालिका भित्र कार्यक्षेत्र रहेका बिषयगत र बहुउदेश्यीय सहकारी सँस्थाहरुको विस्तृत विवरण समावेश गरी प्रत्येक आर्थिक बर्षको साउन मसान्त भित्र तथ्याङ्क सार्बजनिक गर्नु पर्ने ।

७) उपदफा (६) बमोजिम तथ्याङ्क संकलन गर्दा सञ्जालले आवश्यक नमूना फारामहरु तयार गर्न सक्नेछ ।

८) नगरपालिका स्तरीय सहकारीको समग्र विकासको लागि नगरपालिकालाई आवश्यक राय, सुझाव र पृष्ठपोषण गर्ने ।

९) नगरपालिकाको समन्वय तथा साँझेदारीमा नगरपालिका भित्रका सहकारीहरुको अनुगमन गरी पृष्ठपोषण गर्ने । सहकारीमा आई रहने विबाद, समस्याका विषयमा आवस्यक समन्वयकारी भुमिका निर्बाह गरी समाधान गर्ने ।

(३२) **विघटन र दर्ता खारेजः**

(१) सञ्जालले उदेश्य अनुरुपको कार्यहरु गर्न असमर्थ भएमा, सञ्जालका सदस्यहरुको हित गर्न नसक्ने भएमा, प्रचलित कानूनले तोकिएका भन्दा बाहिरका कार्य गरेमा दर्ता गर्ने निकायले सञ्जालको विघटन तथा दर्ता खारेज गर्न सक्नेछ ।

(२) सञ्जालका दुई तिहाई सदस्यहरुको निर्णय गरी विघटनका लागि निबेदन दिएमा ।

(३) लगातार दुई बर्ष सम्म कुनै पनि कार्य नगरी बसेमा ।

(४) सञ्जालले कार्यबिधि विपरितको कार्य गरेमा ।

(५) उप दफा १ देखि ४ सम्म बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो सञ्जाललाई सुनुवाईका लागि १५ दिनको समय दिनु पर्नेछ ।

(६) उपदफा १,२,३,४ बमोजिम सञ्जाल दर्ता खारेज भएमा त्यस्तो सञ्जाल विघटन भएको मानिनेछ ।

(७) उपदफा १,२,३,४ बमोजिम सञ्जाल दर्ता खारेज भएमा त्यस्तो सञ्जालको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

## परिच्छेद ७
## दर्ता गर्ने अधिकारी

### (३३) दर्ता गर्ने अधिकारी

(१) यस कार्यबिधि अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नु पर्ने कार्यहरु नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस कार्यबिधि बमोजिम कार्य गर्न नसकिने अवस्था आएमा तोकिएको अधिकृत कर्मचारीले गर्नेछ ।

## परिच्छेद ८
## विविध

### (३४) निर्देशन दिने:

(१) नगरपालिका, नगर कार्यपालिका, सहकारी शाखाले नगरपालिकामा रहेको सञ्जाललाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सञ्जालको जिम्मेवारी हुनेछ ।

### (३५) मापदण्ड बनाउने अधिकार:

(१) यस कार्यबिधिको उदेश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

### (३६) सामाजिक परिक्षण गराउन सक्ने

(१) सञ्जालको कार्यबिधिमा उल्लिखित उदेश्य अनुसार सञ्जालबाट भए गरेका निर्णय र कार्यक्रम तथा तालिम, सहकारीले प्राप्त गरेका सेवा र सुबिधा, सदस्यहरुको सन्तुष्टी स्तर, आर्थिक कारोबार लगायतका विषयमा सामाजिक परिक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम भएको सामाजिक परिक्षणको प्रतिबेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परिक्षण प्रतिबेदन छलफल गरी नगर कार्यपालिकाले आवश्यकता अनुसार सञ्जाललाई निर्देशन दिन सक्नेछ ।

### (३७) सञ्जालको छाप:-

(१) सञ्जालको पहिचानका लागि पत्र तथा प्रमाण पत्रहरुमा प्रयोग गर्न सञ्जालले आप्नो छाप बनाउन सक्नेछ ।

**(३८) खारेजी र बचाउः**

(१) यस कार्यबिधिमा उल्लेख गरिएका व्यवस्थाहरु संघिय तथा प्रदेश कानून सँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन ।

अनुसूची १

दफा ९ उपदफा (१) सँग सम्बन्धित ।

## (सञ्जाल दर्ताका लागि निबेदन पत्रको ढाँचा)

मितिः..

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
मधुवन नगरपालिका बर्दिया ।

बिषयःसञ्जाल दर्ता गरी पाँउ ।

श्री ............को सहयोगमा/ हामि आफै संगठित भई ....................नगरपालिकामा गठन भएको हाम्रो सञ्जालदर्ता गरी पाउन निम्न विवरण हरु संलग्न गरी नेपाली नागरिकताको प्रतिलिपि सहित यो निबेदन पेश गरेका छौ ।

संलग्न कागजातहरुः

- सञ्जालगठनको भेलाको निर्णयको प्रतिलिपि
- अनुसूचि १ बमोजिमको निबेदन
- सञ्जालबाट पारित तथा प्रमणित भएको सञ्जालको बिधान २ प्रति
- सञ्जालका सम्पुर्ण सदस्यहरुको नागरिक्ताको प्रतिलिपि

..............................
सञ्जालको अध्यक्षको दस्तखत

मधुवन नगरपालिकाका नगर स्तरीय सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०

अनुसूची २
दफा १० उपदफा (१) सँग सम्बन्धित ।
(सञ्जालदर्ता प्रमाण पत्रको ढाँचा)

### मधुवन नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### लुम्बिनी प्रदेश बर्दिया ।

# सञ्जाल दर्ता प्रमाण-पत्र

दर्ता न.                                                                                मितिः

मधुवन नगरपालिकाको सञ्जाल गठन तथा परिचालन कार्यबिधि २०८० को दफा (१०) उपदफा (१) बमोजिम मधुवन नगरपालिका वडा नं. . . मा रहेको श्री .. .. .. .. .. .. .. .. सञ्जाललाई यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र दिनेको
दस्तखतः.. .. .. .. .. .
नामः.. .. .. .. .. .. ..
पदः. .. .. .. .. .. .. .
मितिः२०   /००/००

(सञ्जाल दर्ता प्रमाणपत्रको पछाडीको पाना राख्ने)

| क्र.स. | नविकरण मिति | | नविकरण गर्ने अधिकारी | कैफीयत |
|---|---|---|---|---|
| १ | देखि | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |

मधुवन नगरपालिकाको नगर सहकारी सञ्जालल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०

अनुसूची ३

दफा ११ उपदफा (२) सँग सम्बन्धित ।

(सञ्जाल नविकरणकालागि निबेदन पत्रको ढाँचा)

मितिः..

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
मधुवन नगरपालिका बर्दिया ।

बिषयः सञ्जाल नविकरण गरी पाँउ ।

श्री ............को सहयोगमा/ हामि आफै संगठित भई ....................नगरपालिका वडा न. ........मा ठेगाना भएको हाम्रो सञ्जालदर्ता गरी पाउन निम्न विवरण हरु संलग्न गरी नेपाली नागरिकताको प्रतिलिपि सहित यो निबेदन पेश गरेका छौ ।

संलग्न कागजातहरुः

- सञ्जालको नविकरण गर्न निर्णयको प्रतिलिपि
- अनुसूचि ३ बमोजिमको निबेदन
- सञ्जालको बिगतमा गरेका लेखा परिक्षण प्रतिबेदन (पुरानोको हकमा)

..............................
सञ्जालको अध्यक्षको दस्तखत

अनुसूची ४

दफा ११ उपदफा (४) सँग सम्बन्धित ।

(सञ्जाल अभिलेख रजिस्टरको ढाँचा)

| दर्ता न. | दर्ता मिति | सञ्जालको नाम | ठेगाना | उदेश्य | जम्मा सदस्य संख्या | अध्यक्षको नाम | सम्पर्क न. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

मधुवन नगरपालिकाको नगर सहकारी सञ्जालल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०

अनुसूची ५

दफा १० उपदफा (१) सँग सम्बन्धित ।

(सञ्जालदर्ता प्रमाण पत्रको ढाँचा)

# मधुवन नगरपालिका सहकारी सञ्जाल

मधुवन न.पा ....लुम्बिनी प्रदेश बर्दिया ।

## सञ्जाल सदस्यता प्रमाण-पत्र

दर्ता न. मितिः

मधुवन नगरपालिकाको सञ्जाल गठन तथा परिचालन कार्यबिधि २०८० को दफा (१६) उपदफा (२) बमोजिम मधुवन नगरपालिका वडा नं. . . मा रहेको श्री .. .. .. .. .. .. .. ... सहकारी सँस्थालाई यस सञ्जालमा दर्ता गरी यो सदस्यता प्रमाण-पत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र दिनेको

दस्तखतः.. .. .. .. .. .

नामः.. .. .. .. .. .. ..

पदः. अध्यक्ष

मितिः२० /००/००

(सञ्जाल सदस्यता प्रमाणपत्रको पछाडीको पाना राख्ने)

| क्र.स. | नविकरण मिति | | नविकरण गर्ने अधिकारी | कैफीयत |
|---|---|---|---|---|
| १ | देखि | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |

मधुवन नगरपालिकाको नगर सहकारी सञ्जालल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०